जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १५, अङ्क-१०, २०८३ असोज ८ गते विहीबार, 24 Sep 2026, नेपाल सम्वत्-११४६ पृष्ठ-६, मूल्य रु. ५/-

नेपाली काँग्रेस हेटौंडा सभापतिमा कोइराला



पालिकामा कहाँ को ?

○ सहीखबर संवाददाता

मकवानपुर । नेपाली कांग्रेसको १५औँ महाधिवेशन अन्तर्गत मकवानपुर का १० स्थानीय तहको अधिवेशन सम्पन्न भएको छ । बुधबार सम्पन्न भएको अधिवेशनबाट अधिकांश पालिकामा नयाँ नेतृत्व सर्वसम्मत चयन भएका छन् । केही पालिकामा निर्वाचनबाट नयाँ नेतृत्व चयन गरिएको छ ।

जिल्लाको ७ वटा पालिकाहरूमा सर्वसम्मत रूपमा नेतृत्व चयन हुँदा ३ वटा पालिकामा भने निर्वाचनमार्फत नयाँ नेतृत्व चयन गरिएको हो । हेटौँडा उपमहानगरपालिकासहित राक्सिराङ, बागमती, बकैया र मनहरि गाउँपालिकामा सभापतिसहित केही पदका लागि निर्वाचित भएको थियो भने केही पदमा पदाधिकारीहरू निर्विरोध रूपमा निर्वाचित भएका थिए ।

बुधबार सम्पन्न अधिवेशनमा हेटौँडा उपमहानगरपालिका बाहेक सबै पालिकाको सभापतिमा कांग्रेस बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँ र निवर्तमान सहमहामन्त्री महालक्षी उपाध्याय डिना समूह हाबी भएको छ ।

हेटौँडा उपमहानगरपालिकाको सभापति र उपसभापति विशेष महाधिवेशन पक्षधरले जित्दा अन्य ९ पालिकाको सभापति भने बानियाँ-डिना समूहले जितेको हो ।

हेटौँडाको सभापति र उपसभापति पदमा पूर्व नगरसभापति एवम् विशेष महाधिवेशन पक्षमा रहेका आनन्दराम पराजुली समूहले जितेके छ । सो बाहेकका अन्य पालिकाको नेतृत्व विशेष महाधिवेशनको विपक्षमा रहेर हाल गगन थापा नेतृत्व स्वीकार गरेका बानियाँ-डिना समूहले जितेको हो ।

बुधबार सम्पन्न अधिवेशन अन्तर्गत कांग्रेस हेटौँडा उपमहानगर पालिकाको नगर सभापतिमा रामकृष्ण कोइराला निर्वाचित भएका छन् । अर्का उम्मेदवार कविन सांगामीलाई हराउँदै कोइराला निर्वाचित भएका हुन् ।

९ मतले कोइरालाले सांगामीलाई पराजित गरेका हुन् । कोइरालाले कूल खसेको ५८१ मतमध्ये २८४ मत सहित निर्वाचित भएका हुन् । पराजित भएका सांगामीले २७५ मत प्राप्त गरेका थिए ।

त्यस्तै उपसभापति पदमा कुलप्रसाद चौलागाईंले ३०७ मतले निर्वाचन जितेका छन् । उनले कृष्णप्रसाद दुलाललाई २४१ सहित हराएका हुन् । नगर सचिव पदमा भने विजय पुडासैनी सर्वसम्मत चयन भएका छन् ।

कांग्रेस थाहा नगरपालिका समितिको सभापतिमा राजेन्द्रभक्त श्रेष्ठ चयन भएका छन् । थाहा नगरपालिकाको अधिवेशनले श्रेष्ठको सभापतित्वमा ४३ सदस्यीय नगर कार्यसमिति चयन गरेको हो । श्रेष्ठ थाहा नगरपालिका-६ का वडाध्यक्ष हुन् ।

उपसभापतिमा सुरेश लामिछाने र इन्दीरा गोपाली, सचिवमा विरुजु लाल थिङ, सहसचिवमा विजय मल्ल तथा कोषाध्यक्षमा धनश्याम बलामी चयन भएका छन् ।

यस्तै, मकवानपुरगढी गाउँपालिकामा आकाशकुमार गोले सर्वसम्मत सभापतिमा चयन भएका छन् । यसअघि सभापतिका लागि आकाश गोले, आइत सिंह लो र बलराम घिमिरेको नाम चर्चामा रहे पनि अन्तिममा गोलेलाई सर्वसम्मत चयन गरिएको हो । उपसभापतिमा सदीप अधिकारी र सुशीला फुयाँल, सचिवमा आइत सिंह लो तथा सहसचिवमा रामप्रसाद चौरेल चयन भएका छन् । कोषाध्यक्ष भने पछि मनोनयन गरिने जनाइएको छ ।

कैलाश गाउँपालिकामा उदास कुमार ब्लोन निर्विरोध सभापतिमा चयन भएका छन् । अधिवेशनबाट उपसभापतिमा भुवन सिंह घलान र लक्ष्मी तामाङ, सचिवमा तेजबहादुर ब्लोन तथा सहसचिवमा कृष्ण मोक्तान चयन भएका छन् ।

भीमफेदी गाउँपालिकामा मित्रबन्दु सिजाली निर्विरोध सभापतिमा चयन भएका छन् । उपसभापतिमा सुमित्रा नेगी र रमेशकुमार थिङ, सचिवमा हरि लामा तथा सहसचिवमा जीतकुमार बल चयन भएका छन् । कोषाध्यक्ष भने पछि मनोनयन गरिने निवर्तमान सभापति सञ्जीव श्रेष्ठले जानकारी दिएका छन् ।

इन्द्रसरोवर गाउँपालिकामा सुमन श्रेष्ठ निर्विरोध सभापतिमा चयन भएका छन् । बुधबार सम्पन्न अधिवेशनले श्रेष्ठको सभापतित्वमा २४ सदस्यीय गाउँपालिका कार्यसमिति सर्वसम्मत चयन गरेको हो ।

यसैगरी बागमती गाउँपालिकाको सभापतिमा चोकबहादुर ठाडा मगर निर्वाचित भएका छन् । उनले आफ्ना निकटतम प्रतिस्पर्धी दीपप्रसाद घोरासैनीलाई एक मतको अन्तरले पराजित गरेका हुन् । मगरले ७५ मत प्राप्त गर्दा घोरासैनीले ७४ मत प्राप्त गरे । कुल २०३ मतदाता रहेकोमा १६० मत खसेको थियो भने ११ मत बदर भएको थियो ।

उपसभापतिमा कुमारबहादुर केसी र अप्सरा थोकर, सचिवमा सुदीप पाखिन तथा सहसचिवमा राजु लोप्चन चयन भएका छन् । कोषाध्यक्ष पछि मनोनयन गरिने जनाइएको छ ।

त्यसैगरी मनहरि गाउँपालिकामा राजकुमार श्रेष्ठ निर्वाचित भएका छन् । उनका निकटतम प्रतिस्पर्धी राजेश अधिकारी र विष्णप्रसाद उप्रेतीलाई पराजित गर्दै मनहरि वडा नम्बर-९ का वडाध्यक्ष समेत रहेका श्रेष्ठ सभापतिमा निर्वाचित भएका हुन् । मनहरीको कूल २१४ जना मतदाता मध्ये २०४ मत खसेको थियो ।

जसमा श्रेष्ठले १३९ मत प्राप्त गरेका थिए भने पराजित उम्मेदवार अधिकारीले ६१ मत र उप्रेतीले ४ मत मात्र प्राप्त गरेका थिए ।

उपसभापतिमा अन्ततप्रसाद अर्याल पुरुषतर्फ र शान्ति अधिकारी महिलातर्फ निर्विरोध निर्वाचित भएका छन् । सचिवमा दीपकप्रसाद रिमाल र सहसचिवमा विष्णुमाया बल चयन भएका छन् ।

कांग्रेस राक्सिराङ गाउँपालिकाको सभापतिमा देव लामा निर्वाचित भएका छन् । बुधबार सम्पन्न भएको निर्वाचनमा १२४ मत प्राप्त गर्दै सभापति बनेका हुन् । सभापति पदमा यो निर्वाचन उनको दोस्रो प्रयास हो । निर्वाचित भएका हुन् ।

यसअघि १४ औँ महाधिवेशन अन्तर्गत उनले राक्सिराङको सभापतिमा वीरेन्द्र जिम्बासंग प्रतिस्पर्धा गर्दा पराजित भएका थिए ।

बुधबार सम्पन्न निर्वाचनमा लामाले निकटतम प्रतिस्पर्धी वर्तमान उपसभापतिलाई बुद्धराम मोक्तानलाई ५८ मत पराजित गरेका थिए ।

उपसभापतिमा महिलातर्फ डीबी मोक्तानलाई पराजित गर्दै दीपा सुनार निर्वाचित भएकी छिन् । निर्वाचित सुनार ले ९५ मत प्राप्त गर्दै गर्दा पराजित मोक्तानले ८८ मत प्राप्त गरिन् ।

पुरुषतर्फको उपसभापतिमा सोम चेपाङलाई हराउँदै रामचन्द्र ब्लोन निर्वाचित भएका छन् । रामचन्द्र ब्लोनले १०९ मत प्राप्त गरे भने चेपाङले ८० मत प्राप्त गरेका गरे ।

सचिवमा लोक प्रजालाई हराउँदै टीकाराम थिङ निर्वाचित भएका छन् । विजयी उम्मेदवार थिङले १०० मत प्राप्त गरे भने पराजित प्रजाले ८४ मत प्राप्त गरे ।

कांग्रेस बकैया गाउँपालिकाको अधिवेशन अन्तर्गत सभापतितर्फ मात्र भएको निर्वाचनमा विजय लामा थिङ र सुनिल भोम्जनलाई हराउँदै गोपालबहादुर न्यासुर सभापतिमा निर्वाचित भएका छन् । न्यासुरले १३९ मत प्राप्त गर्दै विजयी हासिल गर्दा उनका दुई निकटतम प्रतिस्पर्धी सुनिल भोम्जनले ४५ मत र विजय लामा थिङ ३७ मत प्राप्त गरेका थिए ।

उपसभापतितर्फ ज्ञानेन्द्र बजागाईं पुरुषतर्फ र महिलातर्फ सरिता सञ्जेल निर्वाचित भएका छन् । सचिवमा सुशासन्त ब्लोन र सहसचिवमा गणेश सेञ्चुरी चयन भएका छन् ।

इन्साइड ---- स्टोरी

विपद्को घेरामा नेपाल



विचार

✍ डा. नरेन्द्रराज खनाल

पेज २ मा

'बाढीपछिको मुख्य पुनर्निर्माण २-३ वर्षभित्र सक्ने लक्ष्य राखिनुपर्छ'



गुणाकर भट्ट

अन्तर्वार्ता

पेज ३ मा

सर्वोच्चको फैसला

युवतीलाई धोकामा राखेर कायम गरिएको शारीरिक सम्बन्ध बलात्कार

पेज ४ मा

बागमतीमा एक जनाको दरबन्दीमा ३ सचिव

पेज ५ मा

तीन दिन भारी वर्षाको पूर्वसूचना: मकवानपुर हाइ अलर्टमा

पेज ६ मा

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङः *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

वर्षाको सूचना र पूर्व तयारी

तीन दिन भारी वर्षाको पूर्वसूचना जारी भएको छ । मकवानपुर लगायतको जिल्ला हाइ अलर्टमा रहेका छन् । गत भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको बाढीले रसुवा नुवाकोट र धादिङको नदी तटिए क्षेत्रमा पुर्याएको क्षती पछिको उद्धार तथा राहत जारी नै छ । विपद्को यस्तो संवेदनशील समयमा नागरिक, स्थानीय समुदाय, मिडिया, र सरकारी संयन्त्र सबैले आआफ्नो ठाउँबाट प्रभावकारी भूमिका निर्वाह गर्नु अति आवश्यक हुन्छ। रसुवाको भोटेकोशी नदीमा आएको बाढीले रसुवा, नुवाकोट र धादिङका नदी तटीय क्षेत्रमा पु¥याएको विनाशले हामीलाई पूर्वतयारी र समयमै सूचना आदानप्रदानको महत्व कति धेरै छ भन्ने ठूलो पाठ सिकाएको छ।

जल तथा मौसम विज्ञान विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र स्थानीय प्रशासनले जारी गरेका सूचनाहरु नियमित रुपमा सुन्ने र पालना गर्ने गर्नु पर्छ। सञ्चारकर्मी तथा मिडियाले आधिकारिक निकायबाट आएका समेत तथ्यपरक र सही सूचनाको मात्र प्रवाह गर्ने गर्नु पर्दछ । जोखिममा रहेका तल्लो तटीय क्षेत्र र ग्रामीण बस्तीहरुसम्म त्रास नफैलाई सतर्कता बढाउने खालका समाचार र सन्देश तत्काल पु¥याउन सकिन्छ ।

पूर्वतयारी नै जीवन रक्षाको सबैभन्दा ठूलो उपाय हो । बाढी पछि सिर्जना भएका जटिल समस्याहरु समाधान गर्न र आगामी सम्भावित जोखिममा कम भन्दा कम जनधनको क्षति गराउन बहुपक्षीय समन्वय र अन्तर निकाय सहकार्य समेको लागि तत्काल कदम चाल्नु आवश्यक हुन्छ ।विपद्लाई पूर्ण रुपमा रोक्न नसकिए तापनि पूर्वसूचनाको सही सदुपयोग, समयमै सुरक्षित स्थानान्तरण र निकायहरुबीचको चुस्त समन्वय नै जनधनको क्षति न्यूनतम बनाउने एक मात्र प्रभावकारी उपाय हो।

विपद्को घेरामा नेपाल



डा. नरेन्द्रराज खनाल

चिसोका कारणले हिउँ, बरफ र तुसारोसहित जमिन जमेर बसेको हुन्छ। यसलाई अंग्रेजीमा 'पर्माफ्रोस्ट' जमेको जमिन भनिन्छ। तापक्रम बढ्दै जाँदा वर्षायाममा यो जमिन पग्लिने गर्दछ र हिउँद याममा पुन: जम्ने गर्दछ। जमिनको सतहभित्र माटो तथा चट्टानका दरारहरूमा रहेको पानी हिउँदमा जमेर बरफ र तुसारो बन्ने अनि वर्षामा पग्लिने कार्यले विभिन्न अनौठा किसिमका भू-आकृतिहरू (जस्तै: चट्टानका सागर/रक सी, रक ग्लेसियर, प्याटर्न ग्राउन्ड आदि) निर्माण हुन्छन्।

नेपालको ८० प्रतिशतभन्दा बढी भाग पहाडले ढाकेको छ। करिब ६० मिटर अर्थात् भगपाको कञ्चनकलदेखि सगरमाथाको ८,८४८.८६ मिटरसम्म उचाइका भाग यहाँ छन् । उचाइ बढ्दै जाँदा तापक्रम घट्दै जान्छ र तल्लो भाग र माथिल्लो भागको हावापानीमा फरक पर्छ ।

माथिल्लो उचाइमा रहेका भागमा तापक्रम कम हुन्छ, त्यसैकारण वर्षाको पानी हिउँका रुपमा पर्छ। वर्षाका रुपमा परेको पानी पनि माटो र चट्टानका दरारहरुमा ढकमक्क भई बस्छ । चिसोका कारण तुसारो तथा बरफमा परिवर्तन हुन्छ। हिउँ, बरफ र तुसारो जस्ता भूसतह परिवर्तनका संवाहकहरुको कार्यले विभिन्न किसिमका भूआकृति, हिमनदी र हिमताल निर्माण गर्दछन्, जुन आफैंमा चलायमान भइरहन्छन्।

तल्लो उचाइमा काठको घना जंगल पाइन्छ। काठको घना जंगल पाइने अधिकतम उचाइको रेखा ठाउँ हेरी ३ हजार ८ सयदेखि ४ हजार मिटरसम्म हुन्छ। वृक्ष रेखा ४ हजारदेखि ४ हजार सय मिटरको उचाइमा रहेको छ। बाह्रैमास हिउँ रहने हिमरेखाको तल्लो उचाइ ४ हजार ५ सयदेखि ५ हजार मिटर सम्म रहेको छ।

चिसोका कारणले हिउँ, बरफ र तुसारोसहित जमिन जमेर बसेको हुन्छ। यसलाई अंग्रेजीमा 'पर्माफ्रोस्ट' जमेको जमिन भनिन्छ। तापक्रम बढ्दै जाँदा वर्षायाममा यो जमिन पग्लिने गर्दछ र हिउँद याममा पुन: जम्ने गर्दछ। जमिनको सतहभित्र माटो तथा चट्टानका दरारहरुमा रहेको पानी हिउँदमा जमेर बरफ र तुसारो बन्ने अनि वर्षामा पग्लिने कार्यले विभिन्न अनौठा किसिमका भूआकृतिहरु (जस्तै: चट्टानका सागर/रक सी, रक ग्लेसियर, प्याटर्न ग्राउन्ड आदि) निर्माण हुन्छन्।

पहाडी भिरालो ढल र चट्टानहरु चलायमान हुने हुँदा भूक्षय, हिउँ, चट्टान र माटोका पहिरोहरु जाने र त्यसबाट सिर्जित विपद्का घटनाहरु हुने गर्दछन्।

हिमनदी र हिमताल पनि चलायमान हुन्छन्। त्यसैकारण फुटेर खोलामा बाढी आउने र किनारामा पहिरोको जोखिम हुन्छ । उदाहरणका लागि सन् १९८१ र २०१६ मा चीनमा रहेका हिमताल फुटेर सुनकोशीमा बाढी आएको थियो। त्यस्तै, गत वर्ष पनि चीनमै रहेको पुरेप हिमताल फुटेर त्रिशूलीमा बाढी आएको थियो। सन् १९८५ मा डिगच्छा हिमताल र सन् २०२४ मा थामे हिमताल फुटेर दूधकोशीमा बाढी गएको थियो। सन् २०२१ मा मेलम्चीमा आएको बाढी र हालै हिमचट्टानी पहिरोले हिमनदी थुनेर आएको बाढी यसका उदाहरण हुन्।

नेपालको उच्च हिमाली भाग र माथिल्लो जलाधार क्षेत्रमा रहेको चीनको उच्च तिब्बती पठार तथा हिमाल, साथै महाकाली नदीको पूर्वपट्टि भारतमा पर्ने उच्च जलाधार क्षेत्रमा हुने विपद्का घटनाले निकै क्षति पु¥याइरहेको छ। नेपालको उपल्लो जलाधार क्षेत्र रहेका चीनका पाँचवटा जलाधारहरु (अरूण, तामाकोशी, सुनकोशी, त्रिशूली, बुढीगण्डकी र हुम्ला कर्णाली) तथा भारतको एक जलाधार (महाकाली/काली) गरी जम्मा क्षेत्रफल करिब १,८४,९३८ वर्ग किलोमिटर छ। यसमध्ये करिब १८ प्रतिशत चीनमा र झन्डै ३ प्रतिशत भूभाग भारतमा पर्दछ।

४ हजार मिटरभन्दा माथि रहेको जमिनको क्षेत्रफल करिब ६०,६६९ वर्ग किमी छ। योमित्र जमिन जमेर बस्ने र पग्लिने क्रियाकलाप हुने पत्र 'पर्माफ्रोस्ट' पनि पर्दछ। ४ हजार ५ सय मिटरमाथिको कुल क्षेत्रफलको ५० प्रतिशत नेपाल र बाँकी ४९ प्रतिशत भाग चीनमा पर्दछ। हिममण्डलीय प्रभाव बढी मात्रामा ४ हजार ५ सय मिटरमाथि हुन्छ। त्यसको क्षेत्रफल ४७,३६३ वर्ग किमी छ, जसमध्ये ४८ प्रतिशत भूभाग नेपालमा र ५१ प्रतिशत भूभाग चीनमा पर्दछ।

उपलब्ध अर्को भूउपयोगको तथ्यांकलाई हेर्दा १८,०५७ वर्ग किमी क्षेत्र हिउँले ढाकेको छ, जसमध्ये ६८ प्रतिशत नेपाल, ३१ प्रतिशत चीन र १ प्रतिशत भारतमा पर्दछ।

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) ले गरेका अध्ययन प्रतिवेदनहरुले देखाए अनुसार यो क्षेत्रमा जम्मा ५ हजार २ सय १२ वटा हिमनदी छन्। यसमध्ये नेपालमा ३ हजार २ सय ५२, चीनमा १ हजार ५ सय ७८ र भारतमा ३ सय ८२ वटा छन्। कुल ३ हजार ६ सय ३४ वटा हिमतालहरुमध्ये नेपालमा २ हजार ७०, चीनमा १ हजार ५ सय ९ र भारतमा ४५ वटा छन्। यी हिमतालहरुमध्ये ४७ वटा ताल फुटेर बाढीको खतरा निम्त्याउन सक्ने भनी औंल्याइएको छ। तीमध्ये २१ वटा नेपालमा, २५ वटा चीनमा र एउटा भारतमा महाकाली जलाधार क्षेत्रमा छन्।

यी तथ्यांक, उचाइअनुसार जमिनको वितरण, हिमनदी र हिमतालहरुको वितरण तथा खतरायुक्त हिमतालहरुको वितरणले के देखाउँछ भने हिममण्डलीय विपद्को जोखिम नेपालमा त छँदै छ, यसमा माथिल्लो जलाधार क्षेत्रमा रहेको चीनको अवस्थितिले पनि प्रभाव पारिरहेको छ । भविष्यमा पनि पारिरहने देखिन्छ। भारतको पनि महाकाली जलाधार क्षेत्रमा त्यस्तै प्रभाव हुन सक्दछ।

हालको जलवायु परिवर्तनका कारण भूमण्डलीय क्षेत्रबाट उत्पन्न हुने जोखिम र नदीबेंसी वरपर हुने हानि नोक्सानी बढिरहेको छ। जलवायु तथा अन्य विभिन्न कारणले गर्दा हुन सक्ने हानिनोक्सानी कम गर्न हिममण्डलीय क्षेत्रमा आउने परिवर्तन र त्यसबाट हुन सक्ने विपद्हरुको पहिचान तथा विश्लेषण गरी स्थानीय तहमा पूर्वसूचना दिने र पूर्वतयारीका कार्यहरु गरी सुरक्षित हुन सक्ने वातावरण निर्माण गर्नुपर्दछ। हिममण्डलीय क्षेत्रको नियमित अनुगमन, त्यसबारे आएका नतिजाहरुको विश्लेषण गरी पूर्वसूचना प्रणाली विकास गर्न अन्तर्राष्ट्रिय सहकार्य, खासगरी चीन र भारतको संलग्नता पनि उत्तिकै आवश्यक छ।

खनाल भूगोलविद् हुन्। अन्नपूर्णपोष्टबाट

सहीखबर

सहीवार्ता
www.saheekhabar.com

२०८३ असोज ८ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

‘बाढीपछिको मुख्य पुनर्निर्माण २-३ वर्षभित्र सक्ने लक्ष्य राखिनुपर्छ’

भोटेकोशी बाढीबाट ४ खर्ब मन्दा बढीको क्षति भएको प्रारम्भिक सरकारी आकलन गरिएको छ भने पुनर्निर्माणका लागि सवा ८ खर्बभन्दा बढी लाग्ने अनुमान गरिएको छ । भन्डै ४० हजार मानिस विस्थापित भएका छन् भने पूर्वाधारहरूमा व्यापक क्षति भएको छ । विस्तृत क्षति मूल्यांकनका लागि विपद्पछिको आवश्यकता मूल्यांकन(पीडीएनए) भइरहेको छ । राष्ट्रिय योजना आयोगले असोज मसान्तभित्र क्षति, नोक्सानी र पुनर्स्थापनाको लागतको पहिलो प्रतिवेदन तयार गर्ने लक्ष्य लिएको छ । बाढीले पुऱ्याएको क्षति, पुनर्निर्माणको योजना, स्रोत व्यवस्थापन, जलवायु न्याय र विकासको नयाँ मोडललगायत विषयमा आयोगका उपाध्यक्ष गुणाकर भट्टसँग गरिएको कुराकानीको इकान्तिपुरबाट सामार गरिएको ।

भोटेकोशी बाढीले पुऱ्याएको क्षति ४ खर्बभन्दा बढी रहेको प्रारम्भिक अनुमान भनेर जुन आँकडा निस्किएको छ–यो आकलन कसरी गरियो?

अहिले जुन क्षतिको आकलन गरिएको छ, यसलाई हामीले ’यापिड इयामेज एन्ड निड्स असेसमेन्ट’ (आरडीएनए) भनेका छौं। यसको नेतृत्व विपद् व्यवस्थापन प्राधिकरणमा रहेको एउटा समूहले गरेको छ र यसमा राष्ट्रिय योजना आयोगको एउटा सहसचिवको नेतृत्वमा यो कार्य सम्पन्न भएको छ।

यो आकलन गर्दा अर्थतन्त्रका मुख्य क्षेत्रहरु जस्तै उत्पादनशील क्षेत्र, सामाजिक क्षेत्र, पूर्वाधार क्षेत्र र आर्थिक क्रियाकलापसँग सम्बन्धित क्षेत्रहरुलाई लिएर यो आकलन गरिएको छ। यो आकलन गर्दा अहिले जुन प्रारम्भिक तथ्यांक आएको छ, यसले २७४ अर्बको नोक्सानी र १३४ अर्बको नोक्सानी भएको देखाएको छ जम्मा ४०८ अर्ब। योमध्ये सबैभन्दा ठूलो क्षति नोक्सानी पूर्वाधारको क्षेत्रमा भएको देखिन्छ। कुल क्षति नोक्सानीको करिब ४७ प्रतिशत पूर्वाधारको क्षेत्रमा भएको देखिन्छ।

तपाईंले क्षति र नोक्सानीलाई अलग-अलग भन्नुभयो, क्षति र नोक्सानीबीचको फरक के हो ?

मुख्य रुपमा आर्थिक क्रियाकलापको मूल्यांकन गर्ने क्रममा कृषि, उद्योग, सेवा लगायतका विभिन्न सब सेक्टरहरुको इस्टिमेसन गरिन्छ। आर्थिक क्रियाकलापसँग सम्बन्धित लसको हिस्सा करिब १४६ अर्ब देखिन्छ। नोक्सानी भनेको आउँदो ५-६ महिना वा ८ महिनासम्म त्यो क्षेत्रबाट हुन सक्ने सम्भावित आम्दानी वा रेमेन्युको घाटा हो। जस्तै होटलहरु बन्द हुँदा गुमेको रेमेन्यु वा कृषि र उद्योग क्षेत्रबाट प्राप्त हुने सम्भावित आम्दानी।

र क्षति भनेको स्थलगत प्रतिवेदन वा एरियल भ्यू/ड्रोन शट तथा बेसलाइन डेटामा आधारित भौतिक नोक्सानी हो। जस्तै करिब ७,६०० घरहरु ड्यामेज भएका छन्, ८,३०० घरपरिवार प्रभावित भएका छन् र ३३ हजार जनसंख्या प्रभावित भएको छ। क्षति भनेको एउटा घर बग्यो, जति रुपैयाँ लगाएर बनाइएको थियो त्यो बग्यो । त्यो क्षति भयो। अब त्यो घरमा कुनै व्यवसाय सञ्चालन भएर निश्चित समयसम्म आउन सक्ने भाडा वा नाफा गुम्नु नोक्सानीमा समावेश हुन्छ।

४ खर्बभन्दा बढी भनेर क्षति-नोक्सानी भनिएको छ, त्यसमा निजी क्षेत्र र राज्य दुवैको क्षति समावेश गरिएको हो ?

भोटेकोशी बाढीबाट प्रारम्भिक रूपमा ४०८ अर्ब रुपैयाँ बराबरको क्षतिनोक्सानी भएको अनुमान छ भने विस्तृत पीडीएनएमार्फत वास्तविक आवश्यकता र पुनर्निर्माण लागत तय गरिँदैछ।

जलवायुउत्थानशील र विकेन्द्रित विकासको अवधारणासहित आन्तरिक तथा बाह्य स्रोत परिचालन गरेर पुनर्निर्माण अघि बढाइनेछ।



गुणाकर भट्ट

रसुवागढीमा कसैको सानो फोटोकपी वा प्रिन्टर बग्यो भने त्यो क्षति पनि यसमा जोडिन्छ ?

अहिलेको ४०८ अर्बको अनुमान उपलब्ध तथ्यांकका आधारमा हो। यसलाई अझ विस्तृत रुपमा लैजान, कसैको लाइभस्टक, मेसिनरी, इक्विपमेन्ट वा हाइड्रोपावरको लसको यथार्थ आकलन गर्न हामी ’पोस्ट डिजास्टर निड्स असेसमेन्ट’ (पीडीएनए) गर्दैछौं, जुन घरधुरी र स्थलगत सर्वेक्षणमा आधारित हुन्छ।

नेपालीहरूसँग यस्तो सम्पत्ति पनि हुन्छ जुन सरकारको रेकर्डमा रहँदैन, परिवारलाई मात्रै थाहा हुन्छ । त्यो क्षति-नोक्सानी पनि पीडीएनएले समावेश गर्छ?

पीडीएनएले व्यक्तिको रेस्पोन्समा आधारित सर्वेक्षण गर्छ। यदि कसैको घरमा एक लाख नगद बाढीमा बग्यो भने रेस्पोन्सका आधारमा त्यसलाई रेकर्ड गरिन्छ। मानिसहरुले बढाएर नभनून् भन्नका लागि स्थानीय तहका प्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत र कर्मचारीहरुलाई समेत समावेश गरेर सर्वेक्षण गर्दैछौं।

अर्थमन्त्री र पूर्वाधारमन्त्रीले एक महिनाभित्र पीडीएनएको काम सकिन्छ भन्नुभएको छ। तपाईं यसको नेतृत्व गर्दै हुनुहुन्छ, के एक महिनामा सकिन्छ?

हामीले पीडीएनएलाई दुई भागमा बाँडेका छौं। पहिलो भागअन्तर्गत असोज मसान्तभित्र ड्यामेज, लस र रिप्लेसमेन्ट कस्ट अर्थात् विपद्पछिको आवश्यकताको पहिलो मूल्यांकन प्रतिवेदन तयार पार्ने लक्ष्य छ। दोस्रो भागअन्तर्गत नेपालको अबको दीर्घकालीन विकासको ढाँचा र रणनीतिलाई आयोगले पहिले नै तय गरेको ’नेपाल डेभलपमेन्ट मिजन २०५०’ सँग अन्तरआबद्ध गरेर अगाडि बढाउँछौं।

२०७२ को भूकम्पमा पीडीएनए तयार पार्न लामो समय लाग्दा पुनर्निर्माण पछाडि धकेलिएको तितो अनुभव छ। यसपटक त्यस्तो नहोला भन्ने ग्यारेन्टी के छ? हामीसँग रियल टाइम डेटा एनालिसिस गर्ने प्रविधि किन छैन?

आरडीएनए यति छिटो तयार हुनुले नै हामीले प्रविधिको प्रयोग बढाएको पुष्टि गर्छ। अन्तर्राष्ट्रिय दाता निकायहरुले पनि छोटो समयमा आरडीएनए बनेकोमा प्रशंसा गरेका छन्। त्यसकै आधारमा हामी ४-५ हप्तामित्र पीडीएनएको पहिलो भाग सक्नेमा प्रतिबद्ध छौं।

सरकारले बाढी प्रभावितहरुका लागि ३ वर्षभित्र पुनर्स्थापना गर्ने वा अस्थायी सेटलमेन्ट तयार पार्ने भनेको छ। हाम्रा विगतका अनुभव हेर्दा आशंका हुनु स्वाभाविक हो नि ?

अहिलेको काम गर्ने स्पिरिट फरक छ। प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा छोटो समयमै साढे १२ अर्ब रुपैयाँभन्दा बढी जम्मा भइसकेको छ। सरकारका सबै निकायहरु समन्वयका साथ अगाडि बढेका छन्। ढिलाइ गर्दा स्लगिसनेस आउँछ भन्ने पाठ हामीले जाजर कोट भूकम्पबाट पनि सिकेका छौं।

पुनर्निर्माणका लागि साढे ७ खर्बभन्दा बढी लाग्ने अनुमान गरिएको छ। यो रकम कहाँबाट जुट्छ? दाता निकायहरूलाई कसरी विश्वस्त पार्ने?

यसलाई दुई तर्फबाट हेर्नुपर्छ। पहिलो, जलवायु न्यायको दृष्टिकोणबाट हेर्दा नेपालको शून्यप्राय: योगदान हुँदाहुँदै पनि जलवायु परिवर्तनका कारण यो विपद् भोगेका छौं। ४६ प्रतिशत वनजंगल जोगाएर विश्वलाई योगदान दिइरहेको नेपालले अन्तर्राष्ट्रिय मञ्चमा जलवायु न्यायको दाबी गर्नुपर्छ। दोस्रो, आन्तरिक तथा बाह्य स्रोतको कुरा गर्दा बैंकिङ क्षेत्रमा रहेको अधिक तरलता र करिब २५ अर्ब डलरको विदेशी विनिमय सञ्चितिलाई न्यूनतम ब्याजदरमा उपयोग गर्न सकिन्छ। त्यसबाहेक विश्व बैंक, एसियाली विकास बैंक र द्विपक्षीय दाताहरुसँग सहयोगको अपिल गरिनेछ।

तर चीन र भारतजस्ता छिमेकीहरूले जलवायु न्यायको सोझो जिम्मेवारी लिन नचाहेको जस्तो देखिन्छ। जलवायु कूटनीति कसरी अगाडि बढ्छ?

यो कुनै एउटा देशको मात्र नभई समग्र मानवताको विषय हो। हिमाल पग्लिनु र बाढी आउनुको असर केवल नेपालमा मात्र सीमित र हँदैन। त्यसैले हामीले क्लेमर डिप्लोमेसी र सघन क्लाइमेट डिप्लोमेसी मार्फत अन्तर्राष्ट्रिय समुदाय र छिमेकीहरुलाई गोलबद्ध गराउनुपर्छ।

पुनर्निर्माण गर्दा नदी किनारकै पुरानै बस्ती कायम राख्ने कि नयाँ ठाउँमा सार्ने? विकासको मोडल कस्तो हुन्छ?

अबको विकास विकेन्द्रित र जलवायु उत्थानशील हुनुपर्छ। एउटै नदी करिडोरमा धेरै जलविद्युत् आयोजना दिने नीतिमा पुनर्विचार गर्नुपर्ने हुन सक्छ। सुरक्षित स्थानको पहिचान गरेर मात्र नयाँ बस्ती र आर्थिक क्रियाकलाप अगाडि बढाइनेछ।

संघ, प्रदेश र स्थानीय सरकारबीच समन्वय कसरी भइरहेको छ?

स्थानीय तह र प्रदेशको ओनरसिपविना विकास सम्भव छैन। सर्वेक्षणमा जानुअघि प्रभावित क्षेत्रका स्थानीय तहका प्रतिनिधि र प्रशासकीय अधिकृतहरुसँग भर्चुअल बैठक गरी समन्वय गरिएको छ।

बजेटको ठूलो हिस्सा पुनर्निर्माणमा जाँदा स्रोत व्यवस्थापनको ठोस मोडल के हुन्छ?

पूर्वाधारका क्षेत्रहरु जस्तै सडक, विमानस्थललगायतका नाफामूलक संरचनामा निजी क्षेत्रलाई बूट मोडल वा सार्वजनिक निजी साझेदारी (पीपीए) मा आकर्षित गर्ने र राज्यको सीमित स्रोतलाई शिक्षा, स्वास्थ्य र सामाजिक पूर्वाधारमा केन्द्रित गर्ने रणनीति लिनुपर्छ।

ग्रिन क्लाइमेट फन्ड वा एडप्टेसन फन्डबाट अनुदान ल्याउने प्रक्रिया अति जटिल छ। के त्यहाँबाट सोझै रकम ल्याउन सकिन्छ?

प्रक्रियागत जटिलता भए पनि सघन संवाद र प्रभावकारी प्रस्तुतिका माध्यमबाट हामीले आफ्ना मागहरु दृढताका साथ राख्नुपर्छ। अहिले अन्तर्राष्ट्रिय समुदायको दृष्टिकोण नेपालप्रति सकारात्मक छ।

नेपालको सार्वजनिक ऋण कुल गार्हस्थ्य उत्पादनको ४५ प्रतिशत पुगेको छ। थप ऋण लिँदा ऋणको पासोमा परिने जोखिम कत्तिको छ ?

आईएमएफको ’डेट सस्टेनेबिलिटी एनालिसिस’ अनुसार नेपाल ऋणको पासोमा परेको छैन। १९९० को दशकमा नेपालको ऋण जीडीपीको ६६ प्रतिशतसम्म पुगेको थियो। उत्पादनशील र विकास केन्द्रित आयोजनाका लागि सहुलियतपूर्ण ऋण लिनु प्रतिकूल मानिँदैन। २०७२ को भूकम्पपछि ऋण लिएर पुनर्निर्माण गर्दा आर्थिक वृद्धिदर ७ प्रतिशतभन्दा माथि पुगेको उदाहरण छ।

बाढीका कारण काठमाडौंमा खाद्यवस्तु र इन्धनको मूल्यवृद्धि भएको छ, सप्लाई चेन प्रभावित भएको छ। यसलाई सरकारले कसरी व्यवस्थापन गर्दैछ?

संकटका बेला उपभोक्तामा सञ्चय गर्ने व्यवहार देखिन्छ। सरकारले आपूर्ति व्यवस्थालाई सुचारू बनाउन आयल निगम र खाद्य एजेन्सीहरुसँग काम गरिरहेको छ। कम्तीमा ३ महिनाको इन्धन र खाद्यान्न स्टक राख्ने पूर्वाधार बनाउनुपर्ने पाठ यसले सिकाएको छ। साथै, विद्युतीय चुलो र ईमेलिकलको प्रयोग बढाएर खनिज इन्धनको आयात घटाउनेतर्फ दीर्घकालीन सोच राख्नुपर्छ।

रसुवागढी नाका बन्द हुँदा उत्तरी व्यापार ठप्प छ। तातोपानी, कोरला वा किमाथांका जस्ता नाकाहरूको स्तरोन्नति र रियलाइनमेन्टमा सरकारको ध्यान गएको छ ?

यस विपद्ले हाम्रा सडक रियलाइनमेन्ट, भन्सार विन्दु र बस्तीहरुको पुनरावलोकन गर्नुपर्ने पाठ सिकाएको छ। छिमेकी मुलुकहरुसँग कूटनीतिक संवाद गरी वैकल्पिक दिगो नाकाहरु सञ्चालनमा ल्याउन आवश्यक छ।

पूर्वाधार र आर्थिक क्षतिको कुरा भयो, भोटेकोशी बाढीमा मानव पुँजीको क्षतिलाई कसरी हेर्नुभएको छ ?

यो अति नै गम्भीर विषय हो। धेरै इन्जिनियर, प्राविधिक, चालक र सीपयुक्त युवाहरु हामीले गुमाएका छौं। श्रम, पुँजी र प्रविधि अर्थतन्त्रका मुख्य संवाहक हुन्। मानव पुँजीको नोक्सानीको लेखाजोखा गर्ने अन्तर्राष्ट्रिय मानक विधिहरु प्रयोग गरी यसलाई पनि पीडीएनएमा समावेश गर्ने प्रयास गरिरहेका छौं।

विस्थापितको पुनर्स्थापना, पीडीएनए र पुनर्निर्माण कहिलेसम्म सकिन्छ ?

तत्काल राहत तथा पुनर्स्थापनाका लागि विस्थापितहरुलाई तत्काल राहत र आर्थिक सहायता दिएर जीवन निर्वाह सहज बनाउने काम भइरहेको छ। पीडीएनए रिपोर्टका सन्दर्भमा असोज मसान्तभित्र ड्यामेज, लस र रिप्लेसमेन्ट कस्टको पहिलो मस्यौदा तयार हुन्छ। त्यसैगरी पुनर्निर्माणतर्फ आगामी ३ देखि ३ वर्षभित्र मुख्यमुख्य पुनर्निर्माणका कार्यहरु सम्पन्न गर्ने लक्ष्य राखिनुपर्छ।

सर्वोच्चको फैसला

युवतीलाई धोकामा राखेर कायम गरिएको शारीरिक सम्बन्ध बलात्कार

चितवन । सर्वोच्च अदालतले विवाहित पुरूषले आफू विवाहित भएको तथ्य लुकाइ 'विवाह गर्छु' भन्ने झुठा आश्वासन र प्रलोभनमा पारेर कायम गरेको यौन सम्बन्धलाई कानुनी रुपमा स्वतन्त्र सहमति मान्न नसकिने ठहर गरेको छ । सामाजिक सञ्जाल फेसबुकबाट सुरू भएको चिनजान र विवाहको प्रलोभन दिई गरिएको जबरजस्ती करणी मुद्दामा उच्च अदालत पाटनको सफाइ फैसला उल्टी गर्दै सर्वोच्च अदालतका न्यायाधीशद्वय सपना प्रधान मल्ल र नित्यानन्द पाण्डेयको संयुक्त इजलासले प्रतिवादीलाई दोषी ठहर गरेको हो ।

सर्वोच्च अदालतले यो मुद्दामा सुरू भक्तपुर जिल्ला अदालतको फैसला सदर गर्दै समिर भन्ने शम्शेर तामाङलाई ७ वर्ष कैद र पीडितलाई पचार हजार रूपैयाँ क्षतिपूर्ति भराउने फैसला निर्णय गरेको छ ।

फेसबुबाट चिनजान विवाहको आश्वासन, शारीरिक सम्बन्ध र धोका

काम्रेपलाञ्चोक साविक पुरानागाउँ घर भई हाल कास्कीको पोखरा लेकसाइड बस्ने समिर भन्ने शम्शेर तामाङ र भक्तपुर २७ (क) (अदालतले दिएको नाम) बीच सामाजिक सञ्जाल फेसबुकमार्फत चिनजान भएको थियो । मुद्दामा उल्लेख भएको विवरण अनुसार मोबाइल र फेसबुकमा कुराकानी हुँदै जाँदा प्रतिवादीले पीडितलाई विवाहको आश्वासन दिएर २०७६ साल जेठ ४ गते काम्रेपलाञ्चोकबाट भगाई भक्तपुर को मध्यपुर ठिमीस्थित आफ्नी दिदीको कोठामा ल्याएका थिए ।

कोठामा ल्याएपछि बाहिर निस्कन र मोबाइल चलाउन नदिई यौन सम्पर्कको प्रस्ताव राखेको अदालतमा पेश गरिएको निवेदनमा उल्लेख छ । महिलाले टिकाटालो गरेपछि मात्र सम्बन्ध राख्छु भन्दामन्दै इच्छाविपरीत २०७६ जेठ ४ देखि जेठ १० गतेसम्म पटक पटक जबरजस्ती करणी गरिएको भनिएको छ ।

त्यसपछि जेठ ११ गते बिहान शम्शेरले महिलालाई बनेपास्थित दिदीको कोठामा पुऱ्याइ कामको सिलसिलामा तेमाल जान्छु भन्दै छाडेर सम्पर्कविहीन भएको निवेदनमा उल्लेख गरिएको छ । पछि खोजतलास गर्दा प्रतिवादी पहिले नै विवाहित रहेको खुल्न आएपछि कानुनी उपचारका लागि जबरजस्ती करणी मुद्दामा महिलाले जाहेरी दिएकी थिइन् ।

अनुसन्धान तथा अदालतको बहसका क्रममा मुलुकी अपराध संहिता, २०७४ को दफा ३१९ (३) (क) अनुसार छल, प्रलोभन, अनुचित प्रभाव वा झुक्यानमा पारिएर लिइएको मन्जुरीलाई कानुनत: वैध मन्जुरी मान्न नमिल्ने र पीडितको शारीरिक परीक्षण प्रतिवेदन तथा चिकित्सकको बकपत्रले समेत करणी भएको तथ्य पुष्टि गरेको वादी पक्षको जिकिर थियो ।

शम्शेर तामाङले भने दुवै जनाको राजीखुसीमै भक्तपुरस्थित कोठामा करिब एक साता सँगै बसेको र सहमतिमै शारीरिक सम्बन्ध स्थापित भएको बयान दिएका थिए । आफूसँग रोजगारी नभएकाले तत्काल विवाह गर्न नसक्ने बताएपछि वादविवाद भई फसाउने नियतले जाहेरी दिइएको उनले बताएका छन् । फौजदारी कानुनको सर्वमान्य सिद्धान्तअनुसार दोषी मनसाय नभएको तथा उमेर पुगेका महिला पुरूषबीचको सहमतिलाई गैरकानुनी मान्न नमिल्ने प्रतिवादीको तर्क थियो ।

भक्तपुर जिल्ला अदालतको दोषी ठहर र उच्च अदालत पाटनको सफाइ :

यस मुद्दामा सुरू भक्तपुर जिल्ला अदालतका न्यायाधीश माधवप्रसाद अधिकारीको इजलासले २०७६ साल माघ १३ गते पहिलो फैसला सुनाएको थियो । किटानी जाहेरी, पीडितको बकपत्र, विशेषज्ञ डाक्टर को स्वास्थ्य परीक्षण प्रतिवेदन र मौकामा बुझिएका साक्षीहरुको बयानका आधारमा विवाहको झुठा प्रलोभन देखाई करणी गरेको पुष्टि भएको अदालतको ठहर थियो ।

सोही आधारमा जिल्ला अदालतले प्रतिवादीलाई दोषी ठहर गर्दै ७ वर्ष कैद र ५० हजार रूपैयाँ क्षतिपूर्ति भराउने फैसला गरेको थियो । जिल्ला अदालतको फैसला चित्त नबुझी परेको पुनरावेदनमा उच्च अदालत पाटनका न्यायाधीशद्वय बामदेव ज्ञवाली र किरण कुमार पोखरेलको इजलासले २०७७ साल माघ २५ गते सुरू फैसला उल्टी गर्दै प्रतिवादीलाई सफाइ दियो ।

उमेर पुगेका दुवै व्यक्ति एक सातासम्म सहमतिमा सँगै बसेकाले विवाह नगरेकै आधारमा मात्र झुक्यान वा अनुचित प्रभाव भन्न नमिल्ने तर्क उच्च अदालतको थियो । साथै फौजदारी मुद्दामा शङ्काको सुविधा अभियुक्तले पाउनुपर्ने सिद्धान्तलाई अघि सार्दै उच्च अदालतले प्रतिवादीलाई निर्दोष ठहर गरेको थियो ।

महिलाको शारीरिक स्वायत्तता झुठमार्फत प्राप्त गर्ने वस्तु होइन

उच्च अदालतको उक्त सफाइ फैसलालाई उल्टी गर्दै सर्वोच्च अदालतले सुरू जिल्ला अदालतको निर्णयलाई नै सदर गरेको छ । फैसलाको व्याख्या गर्दै सर्वोच्च अदालतले करणीका लागि व्यक्तिको स्वतन्त्र इच्छा हुनु अनिवार्य शर्त भएको स्पष्ट पारेको छ ।

विवाहको गम्भीर आश्वासन र प्रतिबद्धता नै यौन सम्बन्धको मुख्य प्रेरक तत्व बनेको छ भने, त्यही आश्वासन नै सहमतिको मूल आधार हुने अदालतको ठहर छ ।

आफू विवाहित भईकन पनि विवाहको झुठा आश्वासन दिनु आफैंमा दुषित मनसाययुक्त कार्य भएकाले कानूनको नजरमा यसलाई वैधानिक वा स्वतन्त्र सहमति मान्न नसकिने सिद्धान्त प्रतिपादन गरिएको छ ।

सर्वोच्च अदालतले फैसलामा महिलाको शारीरिक स्वायत्तता र अधिकारका विषयमा गम्भीर व्याख्या गरेको छ । विवाह गर्छु भनी लिइएको सहमतिलाई स्वतन्त्र सहमति मान्ने हो भने यसले महिलाको भावना, सामाजिक अपेक्षा र शारीरिक संवेदनशीलताको पूर्ण उन्मुक्तिसाथ शोषण गर्न छुट दिने अदालतको ठहर छ । यस्तो प्रवृत्तिले महिलाको शारीरिक स्वायत्तता नियोजित झुठमार्फत प्राप्त गर्न सकिने वस्तुमा परिणत हुन जाने खतरा औंल्याउँदै अदालतले छलकपटपूर्ण सहमतिलाई कानुनले संरक्षण नगर्ने स्पष्ट पारेको छ ।

अदालतले घटनाक्रमको समग्र परिवेशलाई सूक्ष्म रुपमा विश्लेषण गर्नुपर्नेमा जोड दिएको छ । फैसलाको पूर्ण पाठमा पीडितले तत्काल विरोध नगरेको वा सहमति दिएको जस्तो देखिए पनि घटनाको समयमा पीडित बिलकुल स्वतन्त्र र निर्धक्क अवस्थामा थिइन् वा थिइनन् भन्ने कुरा मुख्य हुने अदालतको निष्कर्ष उल्लेख छ ।

निजलाई चयनको वास्तविक अवसर र त्यो चयन गर्ने क्षमता थियो वा थिएन भन्ने कुरा परिस्थितिबाट हेर्नुपर्ने भन्दै सर्वोच्चले पूर्व नजिरहरुको समेत सम्झना गराएको छ ।

फैसलाका क्रममा सर्वोच्च अदालतले भारतीय सर्वोच्च अदालतको अनुराग सोनी विरूद्ध छत्तिसगढ र ज्य (२०१९) को मुद्दासहितका अन्तर्राष्ट्रिय पूर्व नजिरहरुलाई समेत आधार बनाएको छ । विवाहको झुठा आश्वासन दिएर सहमति लिनु भनेको तथ्यको भ्रम मा पारेर सम्बन्ध कायम गर्नु भएको र यो कार्य जबर जस्ती करणीकै दायरामा पर्ने सर्वोच्चको स्पष्ट निष्कर्ष छ ।

सर्वोच्च अदालतले कपटपूर्ण आश्वासनका आधारमा हुने यौन शोषणविरूद्ध कडा न्यायिक सन्देश दिँदै उच्च अदालतको फैसला उल्टी गरी जिल्ला अदालतको दोषी ठहर गर्ने निर्णयलाई सदर गरेको हो ।

नेपाल प्रेसमा पत्रकार प्रतिमा सिलवालद्वारा लिखित सामग्री ।

श्रीचन्द्र शर्मा स्मृति सम्मानबाट ढकाल सम्मानित

◯ सहीखबर संवाददाता



मकवानपुर। मदन भण्डारी फाउण्डेशन मकवानपुरका संस्थापक अध्यक्ष श्रीचन्द्र शर्माको स्मृतिमा स्थापित "श्रीचन्द्र शर्मा स्मृति सम्मान" बाट तीलकुमारी ढकाल सम्मानित हुनु भएको छ । जननेता मदनकुमार भण्डारीको हीरक जयन्ती तथा मदन भण्डारी फाउण्डेसनको २७ औं स्थापना दिवसका अवसरमा सोमवार हेटौंडामा आयोजित कार्यक्रममा ढकाललाई नगद १५ हजार ५५५ रूपैयाँ नगदसहित 'श्रीचन्द्र शर्मा स्मृति सम्मान२०८३' बाट सम्मान गरिएको हो ।

निरंकुश पञ्चायती व्यवस्थाविरूद्धको आन्दोलनमा भूमिगत राजनीतिक नेताहरुलाई आफ्नै घरमा आश्रय र संरक्षण दिनुभएको भन्दै सम्मानित गरिएको हो । ढकालले पञ्चायती शासनको कठोर र जोखिमपूर्ण अवस्थामा मकवानपुरको तत्कालीन विकट क्षेत्र ठिङ्गुनमा प्रतिबन्धित पार्टीका भूमिगत नेताहरुलाई आफ्नो घरमा सुरक्षित आश्रय दिनुभएको थियो । निरंकुशता विरूद्धको ऐतिहासिक आन्दोलनमा उनले पुऱ्याएको योगदानको उच्च मूल्यांकन गर्दै सम्मान प्रदान गरिएको फाउण्डेसनले जनाएको छ । उहाँलाई प्रदेश प्रमुख दीपकप्रसाद देवकोटा, बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेल र फाउण्डेसनका अध्यक्ष खुलाललगायतले संयुक्त सम्मानित गर्नुभएको थियो ।

हीरक जयन्ती तथा फाउण्डेसनको स्थापना दिवसका अवसरमा आयोजित कार्यक्रममा दीप प्रज्वलनसमेत गरिएको फाउन्डेसनका अध्यक्ष रघुनाथ खुलालले जानकारी दिनुभयो । फाउण्डेसन मकवानपुर का अध्यक्ष खुलालको अध्यक्षतामा भएको कार्यक्रममा पूर्व सांसद एवम् एमाले नेता केदार न्यौपाने, भीमफेदी गाउँपालिकाका अध्यक्ष तथा नेकपा एमाले मकवानपुर का अध्यक्ष हिदम लामा, गैरसरकारी संस्था (गैसस) महासंघ बागमती प्रदेशका अध्यक्ष कमल कुमार विश्वकर्मा, लगायतले जननेता मदन भण्डारीको विचार र योगदानबारे चर्चा गर्नुभयो । कार्यक्रममा फाउन्डेसनका उपाध्यक्ष बोलबहादुर कार्कीले स्वागत गर्नुभएको सचिव कुमार केसीले बताउनुभयो ।

मदन भण्डारीका विचारलाई समयानुकूल विकास गर्नुपर्छ : प्रदेश प्रमुख देवकोटा

बागमती प्रदेशका प्रदेश प्रमुख दीपक प्रसाद देवकोटाले जननेता मदनकुमार भण्डारीका विचार लाई समय र परिस्थितिअनुसार सिर्जनात्मक रुपमा विकास गर्दै अघि बढ्नुपर्ने बताउनुभएको छ । मदन भण्डारीको हीरक जयन्ती तथा मदन भण्डारी फाउन्डेसनको २७औं स्थापना दिवसका अवसरमा सोमबार हेटौंडामा आयोजित कार्यक्रममा बोल्दै प्रदेश प्रमुख देवकोटाले मदन भण्डारीको राजनीतिक जीवन केवल व्यक्तिको जीवनकथा नभई नेपालको लोकतान्त्रिक तथा वाम आन्दोलनमा बहस, समयगतिशीलता र जनसम्बन्धलाई नयाँ आयाम दिने महत्वपूर्ण अध्याय भएको बताउनुभयो ।

उहाँले मदन भण्डारीले उठाउनुभएको स्पष्ट विचार, जनतासँगको सम्बन्ध, राष्ट्रप्रतिको जिम्मेवारी र राजनीतिक संस्कार आज पनि सान्दर्भिक रहेको उल्लेख गर्नुभयो । जननेता भण्डारीले नेपाली राजनीतिक चिन्तनमा जोडिएको जनताको बहुदलीय जनवादले लोकतन्त्र, जनसहभागिता, सामाजिक न्याय र समयसापेक्ष परिवर्तनका विषयलाई अघि बढाएको उहाँको भनाइ थियो ।

प्रदेश प्रमुख देवकोटाले अहिले समाज तीव्र परिवर्तनको चरणमा रहेको भन्दै सूचना र प्रविधिले मानिसलाई नयाँ धारमा लगे पनि सामाजिक दूरी, रोजगारी तथा अवसरका चुनौतीसमेत बढिरहेको बताउनुभयो । नागरिकमा राजनीतिक चेतना बढ्दै गए पनि सुशासन, जवाफदेहिता र परिणामप्रतिको अपेक्षा अझ उच्च भएको उहाँले उल्लेख गर्नुभयो । मदन भण्डारीको अभाव कहिल्यै पूरा हुन नसक्ने उल्लेख गर्दै प्रदेश प्रमुख देवकोटाले उहाँको विचार को अध्ययन, सिर्जनात्मक विकास र व्यवहारमा कार्यान्वयन नै सच्चा सम्मान हुने बताउनुभयो ।

कार्यक्रममा बागमती प्रदेशका पूर्वमुख्यमन्त्री एवम् हीरक जयन्ती समारोहका राष्ट्रिय संयोजक डोरमणि पौडेलले मदन भण्डारीको सिद्धान्त र विचार लाई जनस्तरसम्म पुऱ्याउने उदेश्यका साथ वर्षभरि नै हीरक जयन्तीका अवसरमा विभिन्न रचनात्मक कार्यक्रमहरु सञ्चालन गरिने जानकारी दिनुभयो ।

कार्यक्रममा पूर्व सांसद एवम् एमाले नेता केदार न्यौपाने, भीमफेदी गाउँपालिका अध्यक्ष हिदम लामा, गैरसरकारी संस्था (गैसस) महासंघ बागमती प्रदेशका अध्यक्ष कमल कुमार विश्वकर्मालगायतले जननेता मदन भण्डारीको विचार र योगदानबारे चर्चा गर्नुभयो । कार्यक्रममा प्रजातान्त्रिक आन्दोलनकी योद्धा तील कुमारी ढकाललाई नगद सम्मानित गरियो थियो ।

बागमतीमा एक जनाको दरबन्दीमा ३ सचिव

मकवानपुर । बागमती प्रदेश सरकारले मन्त्रालयको सङ्ख्या घटाएर ८ वटामा सीमित गरे पनि प्रशासनिक व्यवस्थापन भने भङ्ग्रगोल बनेको छ । सरुवा प्रणालीमा संघ सरकारको लापरबाही र प्रदेशभित्र मन्त्रालयहरूको पुनर्संरचनामा तालमेल नमिल्दा भद्रगोल देखिएको हो ।

प्रदेश सरकारले एक जना सचिवको दरबन्दी कायम रहेको मन्त्रालयमा तीन जना सचिवलाई कार्यविभाजन गरी खटाएको छ । साउन मसान्तभित्रै सक्ने भनिएको 'संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओएण्डएम) राजनीतिक खिचातानी र सन्तुलन मिलाउन खोज्दा लम्बिएको थियो । राजनीतिक रूपमा प्रदेशमा ८ मन्त्रालय कायम रहेको भनिए पनि प्रशासनिक संरचना र कर्मचारी व्यवस्थापन भने साबिकको १४ मन्त्रालय अन्तर्गतकै छ ।

साउन १ गतेदेखि प्रदेश सरकारले साबिकका १४ मन्त्रालयलाई गाभेर ८ वटा बनाउने निर्णय कार्यान्वयनमा ल्याएको थियो । प्रशासनिक रूपमा कर्मचारीको दरबन्दी र व्यवस्थापन टुङ्गो नलाग्दा हाल प्रदेशमा ५ जना सचिव बढी (फाजिल) भएका छन् । बढी भएका ती सचिवलाई संघीय सरकारले फिर्ता नबोलाएपछि प्रदेश सरकारले साबिककै १४ मन्त्रालयको संरचना अनुसार क्षेत्र तोकेर जिम्मेवारी बाँडफाँट गरेको छ ।

प्रदेश सरकारले ८ मन्त्रालय र मातहतका कार्यालयको ओएण्डएम स्वीकृत नै नगरी दरबन्दी विपरीत २ महिनादेखि एक जनाको दरवन्दी रहेको मन्त्रालयमा ३ जना सचिवलाई जिम्मेवारी तोकेको हो । बागमती सरकारको उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालयमा ३ जना सचिव कार्यरत छन् । सचिव जीवलाल भुसाललाई उद्योग र वाणिज्य क्षेत्र, अनिता निरौलालाई श्रम र यातायात क्षेत्र तथा दीपेन्द्र सुवेदीलाई संस्कृति तथा पर्यटन क्षेत्र हेर्ने गरी तोकिएको छ ।

स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालयमा पनि ३ जना सचिव राखिएको छ । डा. सुमित्रा गौतमलाई स्वास्थ्य क्षेत्र, गीता कुमारी होमेगाईंलाई युवा तथा खेलकुद क्षेत्र र खुबीराम अधिकारीलाई सामाजिक क्षेत्रको जिम्मेवारी दिइएको छ । कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालयमा २ जना सचिव खटाइएको छ । डा. केदार बराललाई वन तथा वातावरण र सुधीर श्रेष्ठलाई कृषि तथा पशुपन्छी क्षेत्रको जिम्मा दिइएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा दरबन्दी अनुसार ३ जना सचिवको व्यवस्था रहे पनि हाल कानुन महाशाखा हेर्ने सचिवको पद रिक्त छ । शासकीय सुधार तथा समन्वय महाशाखामा उमेशकुमार ढकाल र बैठक तथा प्रशासन महाशाखामा रामबाबु पुरी कार्यरत छन् ।

आर्थिक मामिला तथा योजना मन्त्रालयमा नारायण मैनाली, भौतिक पूर्वाधार विकास मन्त्रालयमा ईश्वरचन्द्र मरहठ्ठा र खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयमा इन्द्रदेव भट्ट सचिव छन् । आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालयमा यसअघि सहकारी मन्त्रालयमा कार्यरत महेश भट्टराईलाई जिम्मेवारी दिइएको छ ।

राजनीतिक नेतृत्वले मन्त्रालय नटुङ्ग्याउँदा समस्या भयो : सचिव पुरी

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका बैठक तथा प्रशासन महाशाखा प्रमुख सचिव रामबाबु पुरीले राजनीतिक तहमा मन्त्रालय संख्याबारे निरन्तर छलफल र फेरबदल भइरहँदा कर्मचारीको खटनपटन तथा तलब-भत्ता वितरण नै रोकिएर प्रशासनिक अन्योल बढेको बताए । उनका अनुसार राजनीतिक नेतृत्वले मन्त्रालयको संख्या टुङ्गो नलगाउँदा संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम) को काम लम्बिन पुगेको हो ।

प्रशासनिक तहमा ओएनएमको आवश्यक सबै तयारी पूरा भइसके पनि राजनीतिक नेतृत्वको स्पष्ट निर्णय नआउँदा प्रतिवेदनले अन्तिम रूप पाउन नसकेको उनको भनाइ छ । ओएनएम अन्योलमा पर्दा कर्मचारीहरुको वृत्तिविकास, दरबन्दी मिलान र नियमित काममा प्रत्यक्ष असर परेको उनले बताए ।

यसअघि १४ वटा मन्त्रालय हुँदा बागमती प्रदेशमा ५ हजार १९३ स्वीकृत दरबन्दी रहेकोमा नयाँ ओएनएममार्फत ३०० दरवन्दी कटौतीको तयारी गरिएको सचिव पुरीले बताए । उनका अनुसार नयाँ ओएण्डएम मार्फत प्रदेशमा करिब ४ हजार ९०० को हाराहारीमा झार्ने गृहकार्य भएको छ ।

सचिव पुरीका अनुसार मन्त्रालयको संख्या टुङ्गिएर ओएनएम स्वीकृत हुन ढिला भएकाले कर्मचारीको तलब-भत्ता नै रोकिएको अवस्था छ । राजनीतिक सहमति जुटेर यो काम सम्पन्न भएपछि मात्र कर्मचारी खटाउने र तलब खुवाउने बाटो खुल्ने उनको भनाइ छ ।

'पहिले मन्त्रालयको संख्या ९, १० वा ११ के-कति गर्ने भन्ने कुरा भयो । फेरि अहिले ८ वटै कायम राख्ने र नथप्ने कुरा भइरहेको छ' सचिव पुरीले भने, 'राजनीतिक नेतृत्वले जे भन्छ, प्रशासनले त्यसै अनुसार प्रारुप खडा गरेर कार्यान्वयन गर्ने हो । उहाँहरूले संख्या यकिन नगर्दा ओएनएम अड्किएको छ र समस्या भएको छ । दुई महिना बितिसक्यो । अब विषयलाई धेरै दिन अनिर्णयको बन्दी बनाइराख्न मिल्दैन । काम अघि बढाउनुपर्छ ।'

मन्त्रालयको संख्या जति भए पनि त्यसलाई व्यवस्थापन गर्न प्रशासनिक संयन्त्र तयार रहेको सचिव पुरीले बताए । उनका अनुसार प्रत्येक मन्त्रालय र मातहतका कार्यालयको कार्यविवरण पहिला नै तयार भइसकेको छ । मन्त्रालय थपघट हुँदा प्रशासन र योजना महाशाखा मात्रै समायोजन हुने भएकाले प्राविधिक रूपमा धेरै समय नलाग्ने उनको भनाइ छ ।

दरबन्दी घटाएर ४ हजार ९०० आसपास सीमित गरिँदै : यसअघि १४ वटा मन्त्रालय हुँदा बागमती प्रदेशमा ५ हजार १९३ स्वीकृत दरबन्दी रहेकोमा नयाँ ओएनएममार्फत ३०० दरवन्दी कटौतीको तयारी गरिएको सचिव पुरीले बताए । उनका अनुसार नयाँ ओएण्डएम मार्फत प्रदेशमा करिब ४ हजार ९०० को हाराहारीमा झार्ने गृहकार्य भएको छ ।

अस्पतालहरूमा जनशक्तिको अभाव हुन नदिन स्वास्थ्यतर्फको दरबन्दी यथावत राखिए पनि अन्य क्षेत्रबाट करिब ३०० दरबन्दी कटौती तथा समायोजन गर्न लागिएको सचिव पुरीले बताए । उनले एउटा मन्त्रालयमा बढीमा दुई सचिव रहने र विषयगत क्षेत्र (सेक्टर) तोकेरै बजेट तथा अख्तियारी दिइने बताए ।

डेंगीबाट बचौं र बचाऔं

लक्षण:

- उच्च ज्वरो आउनु,
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु, आँखाको गेडी दुख्नु,
- अत्याधिक टाउको दुख्नु,
- शरीरमा राता बिबिराहरु आउनु,
- वाकवाकी लाग्नु वा वान्ता हुनु ।

लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ, त्यसैले:

- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं,
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं,
- लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं,
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली लगाऔं,
- सुत्ने बेलामा झुल लगाएर सुतौं,
- एयर कुलर, पानी ट्यांकी, गमलामा राखिएका प्लेटहरु समयसमयमा सफा गरौं,

"डेंगीको उपचार भन्दा रोकथाम नै सजिलो उपाय हो"

४ नम्बर वडा कार्यालय

हेटौंडा उपमहानगरपालिका

सचेत रहन अनुरोध

- आज विहीबारबाट देशैभर मौसमी बदली हुने पूर्वानुमान गरिएको छ ।
- बिपदको अवस्था कस्तो हुन्छ, त्यो पूर्वानुमान गर्न नसकिने भएकोले आफ्नो तवरबाट सुरक्षित रहनु होला । विपदमा आफू बाँचौ र अरुलाई बचाऔ ।

सहीखबर परिवार

तीन दिन भारी वर्षाको पूर्वसूचना: मकवानपुर हाइ अलर्टमा

○ सहीखबर संवाददाता



मकवानपुर । असोज ९ गतेदेखि ११ गतेसम्म तीन दिन भारी वर्षा हुने पूर्वानुमानपछि मकवानपुर मा सुरक्षा सतर्कता उच्च बनाइएको छ ।

अत्यधिक वर्षाका कारण बाढी, पहिरो, डुबान तथा सडक अवरूद्ध हुन सक्ने सम्भावनालाई मध्यनजर गर्दै जिल्लाका सुरक्षा निकायसहित जोखिमयुक्त क्षेत्रमा कार्यरत सबै निकायलाई हाइ अलर्टमा राखिएको हो ।

भारी वर्षाको सम्भावनासँगै मकवानपुरमा सबैभन्दा बढी चासोको विषय कुलेखानी जलाशय बनेको छ । लगातारको वर्षाका कारण जलाशयमा पानीको सतह तीव्र रुपमा बढ्न सक्ने भएकाले त्यसबाट हुन सक्ने सम्भावित जोखिम न्यूनीकरणका लागि प्रारम्भिक तयारी थालिएको बताइएको छ ।

कुलेखानी जलाशय भरिन सक्ने अवस्थालाई समेत ध्यानमा राख्दै आवश्यक परेमा पानीलाई एकैपटक तूलो परिमाणमा छोड्नु नपर्ने र सम्भावित क्षति कम हुनेगरी क्रमश: पानी व्यवस्थापन गर्ने विषयमा समेत तयारी भइरहेको छ । मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीका अनुसार सम्भावित विपद्लाई ध्यानमा राखेर जिल्लाका सुरक्षा निकाय तथा सम्बन्धित सरकारी निकायलाई तयारी अवस्थामा राखिएको छ । विशेषगरी बाढी, पहिरो र सडक अवरोधको जोखिम भएका क्षेत्रमा तत्काल उद्धार तथा आवागमन व्यवस्थापन गर्न सक्नेगरी संयन्त्रलाई तयारी अवस्थामा राखिएको उहाँले बताउनु भयो ।

भारी वर्षाको सम्भावना रहेको तीन दिन मकवानपुर हुँदै काठमाडौं तथा अन्य जिल्लासँग जोडिने प्रमुख सडकमा अनावश्यक यात्रा नगर्न प्रशासनले आग्रह समेत गरेको छ ।

मकवानपुर भएर काठमाडौं जोडिने त्रिभुवन राजपथ, हेटौंडा भीमफेदी कुलेखानी काठमाडौं सडक, कान्तिलोकपथ तथा पूर्व पश्चिम राजमार्गलगायतका सडकखण्डमा वर्षाका कारण पहिरो, सडक कटान, बाढी तथा अन्य अवरोध आउन सक्ने भएकाले अत्यावश्यक कामबाहेक यात्रा नगर्न प्रमुख जिल्ला अधिकारी अधिकारीले आग्रह गर्नु भएको छ ।

वर्षाको अवस्था र सडकको जोखिमलाई मूल्यांकन गरेर हेटौंडा काठमाडौंको कान्तिलोकपथ र भिमफेदी कुलेखानी काठमाडौं मार्गमा रात्रीकालीन समयमा सवारी आवागमन रोक लगाइएको छ। सडकको अवस्था, पहिरोको सम्भावना, नदी तथा खोलाको बहाव र मौसमको अवस्थालाई हेरेर अन्य निर्णय तत्काल लिन सकिने प्रशासनले जनाएको छ ।

मकवानपुरका पहाडी सडकहरुमा लगातार को वर्षाका कारण पहिरो खस्ने तथा सडकमा ढुंगा माटो आउने जोखिम उच्च हुन्छ । त्रिभुवन राजपथ, कान्तिलोकपथ, हेटौंडा भीमफेदी कुलेखानी सडक तथा काठमाडौं जोड्ने अन्य सडकमा विगतमा समेत वर्षाका समयमा आवागमन प्रभावित हुँदै आएको थियो । पूर्व पश्चिम राजमार्गमा समेत खोलानाला तथा नदीको बहाव बढ्दा सडक आवागमन प्रभावित हुन सक्ने भएकाले सडक सुरक्षालाई प्राथमिकतामा राखिएको प्रशासनले जनाएको छ ।

सडकमा समस्या देखिए तत्काल सूचना संकलन गरी आवागमन व्यवस्थापन गर्ने र आवश्यकताअनुसार सवारी सञ्चालनमा रोक लगाउने तयारी गरिएको छ । जिल्लामा सम्भावित विपद्का घटनालाई तत्काल सम्बोधन गर्न नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना तथा स्थानीय तहका विपद् व्यवस्थापन संयन्त्रलाई समेत तयारी अवस्थामा राखिएको छ ।

बाढी तथा पहिरोको सम्भावना भएका क्षेत्रमा उद्धार टोलीलाई आवश्यकताअनुसार परिचालन गर्ने, जोखिममा रहेका नागरिकलाई सुरक्षित स्थानमा सार्ने तथा अवरूद्ध सडक खुलाउन सम्बन्धित निकायसँग समन्वय गर्ने तयारी गरिएको छ । प्रमुख जिल्ला अधिकारीले जोखिमयुक्त क्षेत्रमा काम गर्ने सबै निकायलाई हाइ अलर्टमा राखिएको बताउनु भयो । उहाँका अनुसार मौसमको अवस्था र वर्षाको मात्रा निरन्तर मूल्यांकन गर्दै आवश्यकताअनुसार निर्णय लिइनेछ ।

प्रशासनले वर्षाको समयमा नदी, खोला तथा जलाशय आसपासका क्षेत्रमा अनावश्यक रुपमा नजान सर्वसाधारणलाई समेत आग्रह गरेको छ । विशेषगरी रातको समयमा पहाडी सडक तथा खोला आसपास यात्रा गर्दा जोखिम अझ बढ्न सक्ने भएकाले मौसमको अवस्था बुझेर मात्र यात्रा गर्न प्रशासनले आग्रह गरेको छ ।

असोज ९ देखि ११ गतेसम्मको वर्षाको अवधिलाई विशेष जोखिमको समय मानेर मकवानपुर मा पूर्वतयारीलाई तीव्र बनाइएको हो । प्रशासनले नागरिकलाई मौसमसम्बन्धी आधिकारिक सूचना हेर्न, जोखिमयुक्त क्षेत्रमा नजान र अत्यावश्यक अवस्थामा बाहेक लामो दूरीको यात्रा नगर्न आग्रह गरेको छ ।

भारी वर्षाको पूर्वानुमान, कुलेखानी जलाशयको अनुगमन

○ सहीखबर संवाददाता



मकवानपुर । भारी वर्षा हुने पूर्वानुमान पछि मकवानपुरमा सम्भावित जोखिम न्यूनीकरणका लागि अनुगमन थालिएको छ।

जल तथा मौसम विज्ञान विभागले असोज ९ गतेदेखि ११ गतेसम्म देशका धेरै भूभागमा अति भारी वर्षाको पूर्वानुमान गरेपछि मकवानपुर का प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारी सहितको टोलीले इन्द्रसरोवर गाउँपालिकामा र हेको कुलेखानी जलाशयको अनुगमन गर्नु भएको छ ।

बुधबार प्रमुख जिल्ला अधिकारी सहित सुरक्षा निकायका प्रमुख, इन्द्रसरोवर गाउँपालिकाका अध्यक्ष देवकृष्ण पुडासैनी लगायतको टोलीले कुलेखानी जलाशय (ड्याम) को स्थलगत अनुगमन गरेका हुन् । जलाशयमा पानीको अवस्था, ड्यामको सुरक्षा तथा अत्यधिक वर्षाका कारण हुनसक्ने सम्भावित जोखिम सम्बन्धमा अनुगमनमा जानकारी लिइएको बताइएको छ।

वर्षाका कारण जलाशयमा पानीको सतह बढेमा अपनाउनुपर्ने सावधानी तथा आवश्यक पूर्वतयारीबारे समेत छलफल गरिएको प्रजिअ अधिकारीले बताउनु भयो। अहिले कुलेखानी जलाशयको पानीको सतह १५ सय ३३ मिटर छ। १५ सय ३० मिटर सतह क्षमता रहेको जलाशयमा १५ सय ३७ मिटर पुगेपछि पानी बाहिर पठाउने प्रक्रिया सुरू गर्ने विषयमा छलफल गरिएको उहाँले जानकारी दिनुभयो ।

२०८१ साल असोज दोस्रो साता परेको अविरल भारी वर्षा हुँदा कुलेखानी जलाशय भरिएको थियो । जलाशय भरिएर ओभरफ्लो भएपछि बाँधको दुबै ढोका खोल्नुपर्ने स्थिति आएको थियो । कुलेखानी जलाशयको पानीले इन्द्रसरोवरको सिस्नेरीबजारदेखि ठेकरसम्मकै संरचनामा क्षति गरेको थियो। सोही जोखिमलाई ध्यानमा राखेर सावधानी तथा आवश्यक पूर्वतयारी थालिएको सीडीयो अधिकारीको भनाइ रहेको छ ।

६० मेगावाट क्षमताको कुलेखानी प्रथम जलविद्युत् आयोजनाले पछिल्लो आवश्यकताका अधारमा विद्युत् उत्पादन गरिरहेको छ। कुलेखानी नेपालको पहिलो जलाशययुक्त आयोजना हो। जलाशयको ३ सय मिटर चौडाइ र ७ किलोमिटर लम्बाइ छ। जलाशय भरिँदा करिब ८५ लाख घनमिटर पानी जम्मा हुन्छ। मकवानपुरको उत्तरी क्षेत्रमा रहेको थाहा नगरपालिकाका दामन, पालुङ, वज्रबाराही र चित्लाङ तथा इन्द्रसरोवर गाउँपालिकाका मार्खु र फाखेल कुलेखानी जलाशयका जलाधार क्षेत्र हुन्।

हुलाक सेवा: नागरिकको विश्वास

- हुलाक सेवाको इतिहास, महत्व र योगदानको सम्मान गरौं,
- दुर्गम तथा ग्रामीण क्षेत्रमा समेत भरपर्दो हुलाक सेवा विस्तारमा सहयोग गरौं,
- हुलाक सेवालाई आधुनिक सूचना तथा सञ्चार प्रविधिसँग जोड्दै प्रभावकारी बनाऔं,
- हुलाकमार्फत उपलब्ध सेवा तथा सुविधाको प्रयोग तथा सही सदुपयोग गरौं,
- चिठीपत्र, पार्सल तथा अन्य सामग्री पठाउँदा सही विवरण र सुरक्षित प्याकेजिङमा ध्यान दिऔं,
- हुलाक सेवाको डिजिटल रुपान्तरण र आधुनिकीकरणलाई प्रोत्साहन गरौं ।
- हुलाक सम्पदा तथा ऐतिहासिक महत्वका सामग्रीको संरक्षण गरौं ।
- आधुनिक हुलाक सेवा अपनाऔं, सेवा प्रवाहलाई प्रभावकारी बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड